AMC Journal
Link : https://doi.org/

Research Management Cell
Adarsha Multiple Campus

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

'सातौँ ऋतु' उपन्यासमा अग्रभूमिनिर्माण

डा. राजेन्द्र खनाल*

सार

यो लेख ध्रुवचन्द्र गौतमद्वारा लिखित 'सातौँ ऋतु' उपन्यास अन्तर्गत अग्रभूमिनिर्माणको विश्लेषणमा आधारित छ । अग्रभूमिनिर्माणका प्रमुख उपकरण समानान्तरता र विचलनको परिचय दिई सातौँ ऋतु उपन्यासमा रहेका समानान्तरता र विचलनको विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो । पुस्तकालयीय अध्ययन प्रक्रियाबाट तथ्य सङ्कलन गरी सातौँ ऋतु उपन्यासलाई प्राथमिक स्रोत तथा सैद्धान्तिक पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको यस लेखमा वर्णनात्मक विधिको उपयोग गरिएको छ । विश्लेष्य उपन्यासमा मानक व्याकरणका मान्यतामा सीमित नबनी साहित्यिक कृतिलाई कलात्मक र सार्थक तुल्याउन शैलीविज्ञानमा स्थापित अग्रभूमिनिर्माणका उपकरणको यथोचित उपयोग भएको पाइयो । कृतिगत उद्धरणको विश्लेषणपछि भाषिक एकाइहरूको पुनरावृत्तिमूलक प्रयोग र विचलनयुक्त भाषाले सो उपन्यासको प्रस्तुतिलाई प्रभावकारी बनाएका छन् भने अभिव्यक्ति पनि पात्रानुकूल रहेको देखिएको छ । विचलनयुक्त प्रयोगमा आधिक्य रहेको विश्लेष्य उपन्यास विचलनका कारणले थप कलात्मक बनेको छ । साहित्यको समालोचनामा अग्रभूमिनिर्माणको यो विश्लेषण एउटा नवीन आयाम हुन सक्ने अपेक्षा गरिएको छ ।

मुख्य शब्दावली : अग्रमूभिनिर्माण, आर्थी विचलन, लेख्यप्रक्रियात्मक विचलन, विचलन, समानान्तरता ।

पृष्ठभूमि

साहित्यिक कृतिमा प्रयोग गरिने भाषा तथा प्रस्तुति परम्परित तथा मानक व्याकरणअनुसार हुँदैनन् । कृतिमा विशेष आकर्षण वा प्रभाव स्थापना गर्नका लागि भाषाकै महत्ता उच्च हुने गर्दछ । सामान्य भाषाको व्याकरण भएजस्तै आख्यानको भाषाको पनि आफ्नो व्याकरण हुन्छ जसमा व्याकरणिक

* *डा. राजेन्द्र खनाल शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुरको नेपाली शिक्षा विभागमा उप-प्राध्यापक हुनुहुन्छ ।*
Email: sauravabhirk@gmail.com

कोटिहरू सामान्य भाषाकै सदृशतामा काम गर्न बाध्य हुँदैनन् (नेपाल, २००५, पृ. १३७) । त्यसैले साहित्यिक कृतिमा स्रष्टाले विशेष प्रकारका भाषिक उपकरणको उपयोग गरी प्रस्तुतिलाई कलात्मक बनाएको हुन्छ । भाषिक प्रस्तुतिका विशेष उपकरणमा समानान्तरता र विचलनले विशेष महत्त्व राख्छन् । कुनै पनि साहित्यिक कृतिको भाषा प्रयोगमा गरिने नियमित आवृत्तिलाई समानान्तरताका रूपमा चिनिन्छ । समान भाषिक एकाइहरूको दोहोराइलाई नै समानान्तरता भनिन्छ । अझ भनौँ, भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । समानान्तरताले अतिरिक्त नियम प्रयोगको सङ्केत गर्दछ । समानान्तरता अतिरिक्त नियमितता हो जसको प्रयोग निरुद्देश्य नभएर सोद्देश्य गरिन्छ । आफ्ना रचनालाई स्रष्टाले लयात्मक, अनुप्रासात्मक बनाउन वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, लय, छन्द, उखान, टुक्काका स्तरमा प्रयुक्तिगत पुनरावृत्ति गर्दछन् । त्यस्तै, रचनाकारले परम्परित व्याकरणिक नियमको परिपालन नगरी विचलनयुक्त भाषाका माध्यमबाट पनि आफ्नो लेखकीय पहिचान स्थापित गरेका हुन्छन् ।

सामान्य भाषामा सामान्य अनुभव र अभिव्यक्तिको सामर्थ्य हुन्छ तर साहित्यिक भाषाले विशिष्ट अनुभव प्रदान गराउँछ । विचलनमा सामान्य भाषाको नियम, बन्धन अथवा पथ छाडेर साहित्यिक भाषाको विशिष्ट रूप प्रस्तुत भएको हुन्छ । सामान्य भाषाका दाँजोमा काव्यिक भाषामा विचलनको तीव्रता अत्यधिक हुन्छ । प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुँदा यसलाई विचलन भन्ने गरेको पाइन्छ । स्रष्टाले आफ्ना भावनात्मक अनुभूतिको प्रस्तुतिमा परम्परित भाषिक व्यवस्थाको उल्लङ्घन गरी अभिव्यक्तिलाई चामत्कारिक शिल्पद्वारा आकर्षक तुल्याउँछ । भाषिक विचलन अन्य विधाका तुलनामा कविता विधामा बढी उपयोग गरिन्छ । कृतिमा सिर्जना गरिएको विशेष आकर्षण नै अग्रभूमिनिर्माण हो । कृतिको भाषिक पक्षका माध्यमबाट अभिव्यक्त सौन्दर्य नै हो । यसको सैद्धान्तिक पर्याधार संरचनावादी भाषाशास्त्र तथा शैलीवैज्ञानिक समालोचनामा आधारित छ । यो अध्ययन मूलतः समानान्तरता र विचलनलाई प्रमुख युक्ति बनाई *सातौँ ऋतु* उपन्यासमा प्रयुक्त अग्रभूमिनिर्माणको विश्लेषणमा केन्द्रित छ । यस लेखका माध्यमबाट कृतिमा रहेका भाषिक सौन्दर्यको खोजी गरिएको र कृतिको प्रभावपरकताको पनि विश्लेषण गरिएको हुँदा शैलीविज्ञानसँग सरोकार राख्ने अध्येता एवम् विश्लेषणकलाई पनि उपयोगी हुने अपेक्षा गरिएको छ ।

अध्ययनको उद्देश्य

प्रस्तुत लेखको मूल उद्देश्य समानान्तरता र विचलनका आधारमा *सातौँ ऋतु* उपन्यासको विश्लेषण गर्नु रहेको छ ।

अध्ययन विधि र प्रक्रिया

यो लेखमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । पुस्तकालयीय अध्ययन प्रक्रियाबाट सामग्री सङ्कलन गरी *सातौँ ऋतु* उपन्यासलाई प्राथमिक सामग्री तथा सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरी प्रस्तुत लेख तयार गरिएको छ । विभिन्न सैद्धान्तिक ग्रन्थहरूको अध्ययन

गरी शैलीविज्ञानभित्र पर्ने अग्रभूमिनिर्माणका प्रमुख उपकरण समानान्तरता र विचलनको सैद्धान्तिक स्वरूप निरूपण गरिएको छ । त्यसपश्चात् उक्त मान्यताका आधारमा *सातौँ ऋतु* उपन्यासमा प्रयोग गरिएका भाषिक समानान्तरता र विचलनको खोजी गरी तिनको तथ्यपरक विश्लेषण गरिएको छ ।

समानान्तरता र विचलन

समानान्तरता र विचलन शैलीका विशिष्ट उपकरण हुन् । शैलीले ढाँचा वा तरिकालाई जनाउँछ । साहित्य वा रचनामा स्रष्टाले पाठक वा साहित्यिक उपभोक्ताको ध्यान आकर्षित गर्न तथा प्रस्तुतिलाई विशेष एवम् प्रभावकारी बनाउनका लागि कृतिमा विशेष शैली उपयोग गरेका हुन्छन् । त्यस्तो विशेष शैलीको विश्लेषण गर्ने काम शैलीविज्ञानले गर्छ । संस्कृतमा अलङ्कार, रीति, वक्रोक्ति, तथा ध्वनि आदि सिद्धान्त शैलीविज्ञानसित केही न केही मिल्न आउने सिद्धान्तहरू हुन् (गौतम, २०५९, पृ. २८४) । सामान्य भाषाको व्याकरण भएजस्तै आख्यानको भाषाको पनि आफ्नो व्याकरण हुन्छ जसमा व्याकरणिक कोटिहरू सामान्य भाषाकै सदृशतामा काम गर्न बाध्य हुँदैनन् (नेपाल, सन् २००५, पृ. १३७) । शैलीविज्ञान पाठमा प्रस्तुत औपचारिक तथा मानक ढाँचाको विश्लेषणमा केन्द्रित नभई पाठमा प्रस्तुत प्रकार्यात्मक सान्दर्भिकताका लागि उपयोग गरिने भाषिक चातुर्यको विश्लेषणमा केन्द्रित हुन्छ (वेल्स, २००१, पृ. ३७३) । प्रस्तुतिको शैली व्यक्तिको विचार, भावना तथा क्षमतामा आधारित हुन्छ । जुन लेखकको व्यक्तित्व जस्तो हुन्छ, त्यसको शैली पनि उस्तै हुन्छ (बराल, २०५६, पृ. ७२) । स्रष्टाका पद-पद र वाक्य-वाक्य उसको हृदय या मस्तिष्कको छाप बन्न जान्छ (श्रेष्ठ, २०७८, पृ. १२४) । शैलीवज्ञानले भाषाविज्ञानको भाषाशास्त्रीय अनुप्रयोगको एकोहोरो दबदबालाई क्रमशः कम गरी प्रतीकविज्ञान र अर्थविज्ञानका साथै कलाशास्त्र र साहित्यशास्त्र एवम् नवविधाचिन्तनका साहित्य शैलीविज्ञानसँग अधिकाधिक सहअस्तित्व कायम गरी आफैँ स्वायत्त वैज्ञानिक समालोचना पद्धति बन्न पुगिरहेको दाबी गरिरहेको कुरा उल्लेख्य छ भने अर्कातर्फ संरचनावादले चाहिँ संरचनावादी भाषाविज्ञानका सामान्य धरातलमा टेकेर पनि साहित्यिक विधातत्त्वका नवधर्मका उद्घाटनतर्फ पनि गहिरो चासो देखाई कृतिका भाषिक र विधागत सहसंरचनाको उत्खनन र नवसन्धानतर्फ नितान्त नौलो सैद्धान्तिक सचेतना देखाइरहेको पाइन्छ (त्रिपाठी, २०५८, पृ. ५१५) । शैलीविज्ञानले भाषाको कलात्मक प्रकार्यका बारेमा विश्लेषण गर्छ (लिच र सर्ट, सन् १९९५, पृ. १३) । कुनै पनि भाषामा एउटा भावविशेषलाई अभिव्यक्ति दिनका लागि विभिन्न भाषिक सम्भावना र विकल्पहरू हुन्छन्, त्यस्ता विकल्पको प्रयोग सामान्य प्रयोक्ताले भन्दा साहित्यकारले अधिक चमत्कारपूर्ण र सार्थक रूपमा गरेर आफ्नो साहित्यिक शैलीको निर्माण गर्दछ (नेपाल, सन् २००९, पृ. १४५) । यसर्थ शैलीविज्ञान सबै प्रकृतिका रचनामा स्रष्टाले उपयोग गरेको भाषाको विशिष्ट ढाँचा तथा शैलीको विश्लेषणमा केन्द्रित हुन्छ ।

साहित्य वा रचनामा स्रष्टाले पाठक वा साहित्यिक उपभोक्ताको ध्यान आकर्षित गर्न तथा प्रस्तुतिलाई विशेष एवम् प्रभावकारी बनाउनका लागि कृतिमा विशेष भाषिक उपकरणको प्रयोग गरेका हुन्छन् । उक्त उपकरणमध्ये भाषिक समानान्तरता र विचलन प्रमुख उपकरण हुन् । यी दुई उपकरणलाई सगोलमा चिनाउन अग्रभूमिनिर्माण शब्दको प्रयोग गरिएको हुन्छ । वास्तवमै यी उपकरण

शैलीविज्ञानका केन्द्रीय पक्ष मानिन्छन् । रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमिको निर्माण हो (शर्मा, २०५९, पृ. ८) । शैलीवैज्ञानिक क्षेत्रमा अग्रभूमिसम्बन्धी धारणाको प्रवर्तन सर्वप्रथम सन् १९३० मा जे. मुकारोब्स्कीले गरेको देखिन्छ । अग्रभूमिको आरम्भिक प्रयोग क्षेत्र चित्रकला मानिन्छ तापनि साहित्यमा पनि यसको सफल उपयोग भइआएको छ । कलाक्षेत्रबाट यो भाषिक क्षेत्रमा प्रवेश गरेको मानिन्छ । अग्रभूमिको प्रस्तुति पश्चभूमि वा मध्यभूमिभन्दा बढी मुखर, सुस्पष्ट र ध्यानाकर्षक हुन्छ (शर्मा, २०५५, पृ. ५१) । शैलीवैज्ञानिक अध्ययनअनुसार साहित्यिक कृतिमा परम्परागत, रूढ तथा यान्त्रिक स्वभावको नभएर नवीन, सार्थक तथा सौन्दर्यपूर्ण भाषिक प्रयोग हुनु नै अग्रभूमि निर्माण हो । यस्तो प्रयोगले पाठकलाई आकर्षित तथा चमत्कृत पार्ने हुनाले साहित्यको क्षेत्रमा यसलाई उपलब्धिमूलक मानिन्छ ।

पुरानो भाषिक ढर्राबाट दिक्क बनेका कृतिहरूको बथानमा सर्जकले नवीन तथा प्रभावकारी भाषिक प्रयोगका माध्यमबाट आफ्नो सिर्जनामा बिल्कुलै नयाँ आकर्षण थपेको हुन्छ । समयसापेक्ष भाषाको प्रयुक्तिले सिँगारिएको आफ्नो कृति फ्याँक्छ जहाँ पाठकहरू मोहित भएर खोसाखोस गर्न अगाडि सर्छन् । यही नै अग्रभूमिनिर्माणको प्राप्ति हो जुन शैलीवैज्ञानिक दृष्टिकोणले अत्यन्त फलदायी ठानिन्छ ।

समानान्तरता : भाषा-प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् (शर्मा, २०५९, पृ. ८) । आवृत्तिमूलक भाषिक प्रयोगबाट कृतिमा साहित्यिकताको बढ्दो सुगन्ध तथा तीव्र आकर्षण बढेको हुन्छ । संरचनागत भाषिक एकाइको पुनरावृत्ति बाह्य समानान्तरता हो भने अर्थगत भावमय पुनरावृत्ति आन्तरिक समानान्तरता हो ।

बाह्य समानान्तरता : एक वा एकभन्दा बढी स्वनिम, शब्द, पदसमूह, वाक्य आदिको पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ (शर्मा, २०५५, पृ. ५५३) । एकभन्दा बढी वर्ण, रूप, शब्द, पद, पदावली, उपवाक्य, वाक्य आदिको आवृत्ति हुनु नै बाह्य समानान्तरता हो ।

आन्तरिक समानान्तरता : भाव वा अर्थको पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ (शर्मा, २०५५, पृ. ५५३) । यो समानान्तरता कृतिको अर्थगत तहमा अभिव्यक्त हुन्छ । भावार्थ वा वाच्यार्थका बिचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्य, नियमितता र समानतालाई आन्तरिक समानान्तरता भनिन्छ । अर्थात् भाव वा अर्थको स्तरमा पुनरावृत्ति हुनुलाई नै आन्तरिक समानान्तरता भनिन्छ ।

विचलन : सामान्य भाषिक वा व्याकरणिक नियमले विचलित गर्न नहुने कुरालाई विचलित गरेर देखाउने लेखकीय प्रवृत्ति नै विचलन हो । प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुँदा यसलाई विपथन पनि भन्न सकिन्छ (अधिकारी, २०६२, पृ. २७५) । विचलनले शैलीगत चमत्कार र भाषिक सौन्दर्यको नवीनता देखाउँछ । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९, पृ. ८) । साहित्यिक सिर्जनाहरूमा विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्यङ्ग्यार्थ प्रस्तुत गरेको हुन्छ । विचलनका केही प्रकारहरू देहायबमोजिम छन् :

(क) कोशीय विचलन : शब्दकोशले समावेश नगरेका मौलिक वा नवीन शब्दको प्रयोगलाई कोशीय विचलन भनिन्छ (पौडेल, २०६९, पृ. ५०) । शब्दकोशमा समावेश नभएका शब्दहरू स्रष्टाले

आफैँले निर्माण गर्ने वा परम्परामा रहेका शब्दलाई नयाँपन दिएर अभिव्यक्तिलाई मूर्त तथा प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिने शब्दहरू कोशीय विचलनयुक्त शब्द हुन् । नवीन शब्दको निर्माण र प्रचलित शब्दको संरचनामाथि आक्रमणजस्ता दुवै कुराहरू यसअन्तर्गत पर्दछन् । शब्दकोशमा नभएका र सामान्य भाषिक प्रयोगमा प्रचलनमा नआएका शब्दहरूको प्रयोग नै कोशीय विचलन हो । यसलाई शब्दनिर्माण प्रक्रियाको अराजक र असामान्य रूप मानिन्छ । यसअन्तर्गत प्रचलित शब्दको संरचनामाथि आक्रमण र नवीन शब्दको निर्माण दुवै प्रक्रिया रहन्छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाले विभिन्न कोशीय शब्दहरूको प्रयोग आफ्ना कवितामा गरेको पाइन्छ । जस्तै : मान्द्रिलो, गोभ्रिलो, फुलारु, उडालु आदि ।

(ख) व्याकरणिक विचलन : भाषा विशेषमा आ-आफ्नो भाषिक व्यवस्था हुन्छ । भाषालाई व्यवस्थित गर्ने नियमलाई व्याकरण भनिन्छ । प्रत्येक भाषाको आफ्नै स्वरूप र संरचनाअनुसार निश्चित व्याकरणिक व्यवस्था हुन्छ । साहित्यमा प्रस्तुत हुँदा सर्जकले सदैव आफ्नो निश्चित भाषा व्याकरणिक व्यवस्थामा मात्र सीमित हुन चाहँदैन र सक्दैन । स्रष्टाले आफ्नो विशिष्ट भाषिक अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्यजस्ता व्याकरणात्मक कोटि र वाक्य, उपवाक्य, पदसङ्गति, पदक्रम आदि एकाइहरूको नियमितता र नियमसम्मत व्यवस्थामाथि अतिक्रमण गर्छ । वास्तवमा त्यही अतिक्रमण नै व्याकरणिक विचलन हो (खनाल, २०६८, पृ. १४) । वाक्यात्मक संरचनाको अतिक्रमण नै व्याकरणिक विचलन हो । जस्तै : म त देउता थान जान लागेँ मुआँसँग ।

(ग) ध्वनि प्रक्रियात्मक विचलन : यसलाई ध्वनि प्रक्रियात्मक विचलन पनि भनिन्छ । भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनि प्रक्रियात्मक विचलन हो । भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनि प्रक्रियागत विचलन हो (खनाल, २०६८, पृ. १४) । लेख्य भाषालाई कथ्य उच्चारण प्रवृत्तिमा ढालेर गरिने विचलन ध्वनि प्रक्रियागत विचलन हो । जस्तै : भाथ्यो, लाथ्यो, पऱ्याथ्यो आदि । ध्वनि प्रक्रियागत विचलनलाई वर्णनात्मक विचलन पनि भनिन्छ । जस्तै : माथ्लो डाँडामा घाम डुब्यो । (माथि डाँडामा घाम डुब्यो) । त्यो समान तीँ राख्दे । (त्यो सामान त्यहीँ राखिदे) । त्यल्ले जे भन्यो त्यो सइ हो । (त्यसले जे भन्यो त्यो सही हो) ।

(घ) आर्थी विचलन : अभिधा अर्थमा मात्र सीमित रहेर साहित्यले उच्चता हासिल गर्न सक्दैन । त्यसैले अभिधाभन्दा भिन्न विशिष्ट अर्थ व्यञ्जित हुनु नै आर्थी विचलन हो । यसलाई अर्थतात्त्विक विचलन पनि भनिन्छ । सन्निधानको सिद्धान्तअनुसार मेल नखाने कुरा अथवा प्रकृतिको मानवीकरण मानवको प्रकृतीकरण आदि गरेर देखाउने विचलित प्रवृत्तिलाई यसअन्तर्गत राखिन्छ । एउटा परिस्थिति अथवा प्रसङ्गमा प्रयोग हुने भाषिक व्यवहारलाई अर्को परिस्थिति वा व्यवहारको प्रसङ्गमा प्रयोग गर्नुबाट यस्तो विचलन निर्माण हुन्छ । अभिव्यक्तिलाई अभिधात्मक रूपमा प्रस्तत नगरेर लक्ष्यार्थ र व्यङ्ग्यार्थमा आर्थी विचलन देखा पर्छ । काव्याभिव्यक्तिले वाच्यार्थभन्दा लक्ष्यार्थ र व्यङ्ग्यार्थलाई वहन गर्दा त्यसको अर्थतात्त्विक शक्ति निकै मजबुत हुन्छ (खनाल, २०७८, पृ.

७७) । भाषिक विचलनका विभिन्न पक्षहरू हुन्छन् । भाषिक विचलन हुने क्षेत्रहरू कोशीय, आर्थी, व्याकरणिक तथा ध्वनि प्रक्रियात्मक, भाषिका, लेख्य प्रक्रियात्मक, प्रयुक्ति आदि हुन् । कृतिमा रहेका भाषिक घटक तथा एकाइहरूलाई के कति आधारमा विश्लेषण गर्ने भने कुराको निर्धारण विश्लेष्य कृतिको स्वरूप, संरचना तथा प्रकृति र विश्लेषकको आवश्यकतामा भर पर्दछ ।

यस लेखमा *सातौँ ऋतु* उपन्यासमा रहेका भाषिक समानान्तरताअन्तर्गत पर्ने बाह्य तथा आन्तरिक समानान्तरता र विचलनअन्तर्गत पर्ने कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक तथा अर्थतात्त्विक विचलनलाई उदाहरणसहित विश्लेषण गरिएको छ ।

परिणाम र विश्लेषण

नेपाली उपन्यासका क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउने उपन्यासकार ध्रुवचन्द्र गौतमका प्रायः उपन्यासमा विशेष कथानक तथा प्रस्तुति पाइन्छ । उनका उपन्यासहरूले समाजका विविध पाटालाई कलात्मक किसिमले प्रस्तुत गरेका हुन्छन् । यहाँ गौतमको *सातौँ ऋतु* (२०६८) उपन्यासमा रहेको भाषिक चातुर्यको खोज गरी विश्लेषण गरिएको छ ।

समानान्तरता

भाषा प्रयोगका सन्दर्भमा आउने नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । यस्तो समानान्तरता वर्ण, रूप, शब्द, पदावली र उपवाक्य आदिमा हुने सादृश्यले साहित्यिक अभिव्यक्तिमा विशिष्टता झल्काउँछ । यसको समुचित प्रयोगले अभिव्यक्ति कलात्मक बनाउँछ । समानान्तरता आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् :

बाह्य समानान्तरता

बाह्य समानान्तरतामा मूलतः वर्ण, शब्द, रूप, पद, पदावली र वाक्यगत तहमा पुनरावृत्ति हुन्छ । भाषिक अभिव्यक्तिलाई आकर्षक तुल्याउन र लयात्मक बनाउन बाह्य समानान्तरताको उपयोग गरिन्छ । *सातौँ ऋतु* उपन्यास बाह्य समानान्तरताको प्रयोगले श्रुतिरम्य, पठनीय तथा प्रभावशाली बनेको छ । बाह्य समानान्तरताले कृतिमा आकर्षण पैदा गर्दछ र कृतिको बाह्य सौन्दर्यको निर्माण गर्दछ । एकभन्दा बढी ध्वनि, शब्द, रूप, पदावली, वाक्य आदिमा आवृत्त भएर बाह्य समानान्तरताको सिर्जना हुन्छ । यहाँ *सातौँ ऋतु* उपन्यासमा प्रयोग भएका बाह्य समानान्तरताका केही उदाहरणहरूको विश्लेषण गरिएको छ ।

- **आफैँ**बाट **आफैँद्वारा र आफ्नै** लागि केही उत्पन्न गर्न क्षमतावान् हुन्थ्यो (गौतम, २०६८, पृ.-२) ।
- सात केटीका क्रोध **भनूँ**, आवेग **भनूँ**, आक्रमण **भनूँ**, आत्महत्या **भनूँ**, आत्मरक्षा **भनूँ** अथवा भातभान्छाको कला **भनूँ** अनेक कारणले त्यहाँबाट पलायन गर्न बाध्य भए (पृ.-२२) ।
- सोचे होलान्, इज्जत **खतम** भएर **खतम** हुनुभन्दा आफैँ **खतम** भएर **खतम** हुनु आदर्श स्थिति हो (पृ.-२२) ।

- **बाहुबली**, **बाहुबली**का लागि, **बाहुबलीद्वारा**, **बाहुबली**को सिद्धान्तमा दुरुस्त अडिएको थियो भन्न सकिन्छ (पृ.-२६) ।
- **जीवित बाबु**लाई **जीवित** प्रमाणित गर्नुपर्दा दु:खी पनि थिए कारण, कोही तिनका **बाबु**लाई जीवित मान्न तयार थिएन (पृ.-५९) ।
- त्यसपछि शिर**देखि पिठ्यूँ**, **पिठ्यूँ**देखि **पिडौँला**, **पिडौँलादेखि** पाइतालासम्म यति राम्रो मालिस गर्दथ्यो (पृ.-७६) ।
- खान **पाउने**, लाउन **पाउने**, रोजगार **पाउने** कुरा तथ्याङ्क हो, तथ्य होइन (पृ.-९४) ।
- एक **अलमलिएको** दुनियाँभित्र **अलमलिएको** मानिस (पृ.-१०६) ।
- **न** पूर्व, **न** पश्चिम, **न** उत्तर, **न** दक्षिण कुनै ठमिँदैन (पृ.-१०७) ।
- घरेलु समस्यामा **न्याय** देखे **न्याय** हुन्छ, अ**न्याय** देखे अ**न्याय** (पृ.-१३९) ।

माथिको पहिलो उदाहरणमा 'आफैँ' शब्द तीनपटक प्रयोग भएर बाह्य समानान्तरता बनेको छ । यसैगरी दोस्रो वाक्यमा 'भनूँ' शब्द छपटक पुनरावृत्त भई वाक्यलाई लयात्मक बनाएको छ भने प्रस्तुति मिठासपूर्ण बनेको छ । तेस्रो वाक्यमा 'खतम' शब्द चारपटक आएको छ । यसले पनि बाह्य समानान्तरतालाई सङ्केत गरेको छ । चौथो वाक्यमा 'बाहुबली' शब्द चारपटक प्रयुक्त छ । यसबाट प्रस्तुति प्रभावकारी बनेको देखिन्छ । पाचौँ वाक्यमा 'बाबु' शब्द दुईपटक र 'जीवित' शब्द तीनपटक आवृत्त भएकाले बाह्य समानान्तरताको प्रयोगबाट प्रस्तुति सघन बनेको छ । छैटौँ वाक्यमा 'देखि' शब्द तीनपटक, 'पिठ्यूँ' शब्द दुईपटक र 'पिडौँला' शब्द दुईपटक पुनरावृत्त छन् । यस वाक्यमा यी भाषिक प्रयोगले क्रमिकतालाई जनाएका छन् भने वाक्यलाई श्रुतिमधुर बनाएका छन् । त्यस्तै सातौँ उदाहरणमा 'पाउने' शब्द तीनपटक आवृत्त छ भने 'न' वर्ण पनि तीनपटक दोहिरिएको छ । यसबाट लयात्मकता सिर्जना भएको छ । यसैगरी आठौँ वाक्यमा 'अलमलिएको' शब्द दुईपटक आवृत्त छ । यसले वाक्यलाई कवितात्मक बनाएको छ । त्यसैगरी अर्को वाक्यमा 'न' शब्द चारपटक पुनरावृत्त छ । यसले अस्तित्वको अनुपस्थिति जनाउने अर्थलाई कवितात्मक बनाएको छ भने अर्थलाई प्रभावशाली तुल्याएको छ । त्यस्तै अन्तिम वाक्यमा 'न्याय' र 'अन्याय' शब्द दुई दुईपटक आवृत्त छन् । यिनले अभिव्यक्तिलाई सघन तथा प्रभावकारी बनाउन सहयोग पुऱ्याएका छन् । यी केही उदाहरण मात्र हुन् । यस्ता बाह्य समानान्तरताको उदाहरण उपन्यासभर भेटिन्छन् जसले *सातौँ ऋतु* उपन्यासलाई प्रभावकारी, आलङ्कारिक र लयात्मक बनाएका छन् भने आर्थी प्रभाव पनि निर्माण गरेका छन् ।

यसरी कुनै पनि रचनामा स्रष्टाले एउटै वर्ण, रूप, शब्द या पदावलीको शब्दको पटक-पटक प्रयोग गरेको पाइन्छ । ती संरचनागत पुनरावृत्ति नै बाह्य समानान्तरता हुन् । यस्ता प्रयोगले लयात्मक, श्रुतिरम्य तथा पठनीय त बनाउँछन् नै यसका साथै अर्थ वा भावको सघन एवम् प्रभावकारी प्रस्तुतिका लागि पनि यस्ता उपकरण प्रयोग हुन्छन् । यस उपन्यासमा पनि उपन्यासकारले यस्ता बाह्य समानान्तरतालाई प्रशस्त उपयोग गरेका छन् जुन समुचित मात्रामा प्रयोग भएको पनि देखिन्छ । यसका कारणले उपन्यासको सौन्दर्य र आकर्षण बढेको छ र अर्थ पनि प्रभावशाली बनेको छ । यसरी

उपन्यासकारले प्रस्तुत उपन्यासमा अग्रभूमिनिर्माणको महत्त्वपूर्ण उपकरण समानान्तरताको सबल प्रयोग गरेको देखिन्छ । यसबाट बाह्य समानान्तरताले संरचनागत स्वरूपमा मात्र नभएर भावगत स्वरूपमा पनि प्रभाव पार्ने गर्दछ भन्ने पनि पुष्टि भएको छ ।

आन्तरिक समानान्तरता

अर्थगत स्तरमा देखिने पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । मूलतः एउटा विषय या वस्तु या सन्दर्भलाई अर्को विषयसँग तुलना गरी समानता कायम गर्नका लागि स्रष्टाले कृतिमा आन्तरिक समानान्तरताको उपयोग गर्छ । यस्तो समानान्तरताले कृतिको आन्तरिक सौन्दर्य उद्घाटन गर्छ भने प्रस्तुतिलाई प्रभावकारी एवम् आलङ्कारिक बनाउँछ । मूलतः अर्थ तथा भावका तहमा देखिने भए पनि संरचना पक्षमा पनि आवृत्ति देखिन्छ । भावार्थ वा वाच्यार्थको नियमित पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । यसले कृतिको वाक्यात्मक तहमा रहेको आन्तरिक पक्षलाई प्रकट गरेको हुन्छ । *सातौँ ऋतु* उपन्यासमा प्रयुक्त आन्तरिक समानान्तरताका केही उदाहरण देहायबमोजिम छन् :

- एउटी केटी धोका वा बाध्यतामा नपरी देहकर्मी बन्दिन भनिएजस्तै देशको एक सर्वसाधारण त्यसै आफ्नो जरो छाड्न चाहँदैन (पृ.-०६) ।
- स्वास्नी पसाइरहेको बालीजस्तो तापमानी यौवन लिएर प्रत्येक बिहान उठ्दथी, लोग्ने भने झन् वृद्ध वा सन्यासी भएर बिउँझन्थ्यो (पृ.-१५) ।
- त्यसमाथि सूर्य कुनै अर्कै ब्रह्माण्डमा सरुवा भएझैँ लोप भएको थियो (पृ.-२३) ।
- ममी आज आकाशमा ताराहरू लटरम्म फलेको चाँदीको फलजस्तै फलेको छ (पृ.-४८) ।
- केटी केराको घारीझैँ पसाइरहेको शरीर (पृ.-९२) ।
- यो तलबमा त्यति बचतका लागि बिहे गर्ने सोच्नु, ठूलै सुस्साहस हो, त्यस्तै हो,जस्तो, कालिदास आफैँ बसेको हाँगो काटिरहेको होस् (पृ.-९२) ।
- अभिसारिकाहरूको सङ्ख्यामा देशको बजेटमा वृद्धि भएझैँ वृद्धि हुन थाल्यो (पृ.-११०) ।
- यही सातौँ ऋतु कहिले बादलझैँ, कहिले भाइरसझैँ सङ्क्रमण गरिरहन्थ्यो (पृ.-१२०) ।
- ऊ बिजुली चम्केर अलप भएझैँ अलप भयो (पृ.-१४४) ।

माथिको उक्त अभिव्यक्तिको पहिलो उदाहरणमा **देहकर्मी बन्नु** र **आफ्नो देश छोड्नु**बिच आर्थी तहमा समानान्तर सम्बन्ध देखाइएको छ । दोस्रो वाक्यमा **स्वास्नीलाई पसाइरहेको बाली**सँग तुलना गरिएको छ भने **लोग्नेलाई वृद्ध** वा **सन्यासी**सँग तुलना गरी अर्थगत सम्बन्धमा समानान्तरता स्थापना गरिएको छ । तेस्रो उदाहरणमा **सूर्य अस्ताउने कार्य**लाई **अर्को ब्रह्माण्डमा स्थानान्तरण** भएको जनाइएको छ भने चौथो वाक्यमा **आकाशका ताराहरूलाई फलेका फल**सँग तुलना गर्दै आर्थी समानता कायम गरी आन्तरिक समानान्तरताको उपयोग गरिएको छ । त्यस्तै अर्को उदाहरणमा **जवान केटी**लाई **पसाइरहेको**

केरासँग दाँजिएको छ । त्यसैगरी **पैसा बचाउन बिहे गर्नु** भनेको सन्दर्भलाई **कालिदासले आफू बसेको हाँगो काटे**को सन्दर्भसँग दाँजेर आन्तरिक समानान्तरता स्थापित गरिएको छ । अर्को उदाहरणमा **अभिसारिकाको परिमाण** र **देशको बजेट**लाई समान मानिएको छ भने अर्को वाक्यमा **सातौँ ऋतु**लाई **बादल** र **भाइरस**सँग समानान्तर गर्दै आर्थी समानान्तरता कायम गरिएको छ । उपर्युक्त उदाहरणको अन्तिम वाक्यमा **युवक हराउने कार्य**लाई **बिजुलीको चम्क्याइ**सँग तुलना गरिएको छ । यस्ता विविध किसिमका आन्तरिक समानान्तरता प्रयोग भएका अनेक वाक्यहरूको समन्वयले *सातौँ ऋतु* उपन्यास सघन एवम् प्रभावकारी बनेको छ । साथै यस्ता आन्तरिक समानान्तरताले उपन्यासलाई आकर्षक र विशिष्ट तुल्याएको छ ।

यसरी आन्तरिक समानान्तरता वास्तवमा एउटा विषय या वस्तु या परिवेश या सन्दर्भको अर्थलाई अर्को विषय या वस्तु या परिवेश या सन्दर्भसँग तुलना गरी समानता स्थापित गर्नु हो । अर्को शब्दमा यसलाई आर्थी स्तरमा गरिने सादृश्यता पनि भन्न सकिन्छ । आन्तरिक समानान्तरताका माध्यमबाट आङ्कारिता सिर्जना हुन्छ भने आर्थी पक्ष पनि सबल र प्रभावशाली बन्न पुग्छ । त्यस्तै कृतिको आस्वादनमा पनि यसले महत्त्वपूर्ण भूमिका खेल्छ । त्यसो त यो शैलीविज्ञानको एक महत्त्वपूर्ण उपकरण भएकैले पनि विशेष प्रस्तुति र प्रभाव स्थापित गर्नु त वैशिष्ट्य नै हो । आर्थी समानान्तरता नै आन्तरिक समानान्तरता भएकाले कृतिको संरचनात्मक पक्ष आकर्षक तुल्याउँदै भावपरक पक्षमा वृद्धिमा आन्तरिक समानान्तरता केन्द्रित हुन्छ । *सातौँ ऋतु* उपन्यासमा यस्ता कैयौँ प्रयोग छन् जसले कृतिलाई प्रभावशाली तुल्याएका छन् ।

विचलन

विचलनले परम्परागत भाषिक शैलीलाई छाडेर नयाँ किसिमको शैलीगत संरचनामा विचलन ल्याएको हुन्छ । साहित्य सिर्जनाका क्रममा स्रष्टाले स्वाभाविक र मौलिक किसिमले मानक मानिएका शब्द एवम् वाक्यात्मक संरचनामामा विचलन ल्याई विभिन्न शब्द चयन गरी सार्थक एवम् प्रभावशाली वाक्यहरू सिर्जना गर्छ । विचलनले व्याकरणमा मात्र नभएर शब्द भण्डार एवम् अर्थको स्तरका साथै समग्र शैलीलाई प्रभाव पारेको हुन्छ । तसर्थ व्याकरणिक नियम वा प्रचलित संरचना तथा मान्यता प्राप्त कोशीय शब्द तथा उच्चारण व्यवस्था आदिमाथि अतिक्रमण गरी विशेष प्रभाव सिर्जना गर्ने उद्देश्यले नै साहित्यमा विचलन सिर्जना गरिन्छ । मुख्यत: भाषिक अभिव्यक्तिका क्रममा देखिने कोशीय विचलन, व्याकरणिक, ध्वनितात्त्विक, लेख्य प्रक्रियात्मक र आर्थी विचलन आदि विचलन देखिन्छन् । *सातौँ ऋतु* उपन्यासमा प्रयुक्त यी विविध विचलनका स्वरूपहरूलाई यहाँ उदाहरणसहित विश्लेषण गरिएको छ ।

कोशीय विचलन

कुनै स्रष्टाले आफ्ना रचनामा मानक शब्दकोशमा प्रविष्ट नभएका वा मानक नमानिएका शब्दको प्रयोग गर्नु नै कोशीय विचलन हो । साधारणतया प्रचलनभन्दा भिन्न र शब्दकोशमा नभेटिने शब्दको प्रयोग हुनु नै कोशीय विचलन हो । अझ कुनै शब्दको मानक रूपलाई स्रष्टाले प्रयोगका सन्दर्भमा

भाँचेर, जोडेर वा नवनिर्माण गरेर प्रस्तुतिलाई आकर्षक तथा प्रभावकारी बनाएका हुन्छन्, त्यस्ता शब्दलाई कोशीय विचलनयुक्त शब्द मानिन्छ । यस्तो भाषिक प्रयोग नै कोशीय विचलन हो । अर्को शब्दमा कसैले प्रयोग नगरेका वा सामान्य भाषिक प्रयोगमा नआएका शब्दहरूको निर्माण गरी प्रयोग गर्नु कोशीय विचलन हो । कृतिकारले साहित्य लेखनमा बढी आकर्षण र नवीनता देखाउन, अभिव्यक्तिलाई नौलो बनाउन तथा लेखकीय अभिव्यक्तिमा चातुर्य प्रकट गर्न विचलनको प्रयोग गर्छन् । *सातौँ ऋतु* उपन्यासमा प्रयोग भएका कोशीय विचलनका केही उदाहरणहरू यसप्रकार छन् :

- युवाहरू **गुन्डावतार** धारण गरी नगरभरि भाइरल फिभरजस्तै फिँजिएका छन् (पृ.-२) ।
- जनताकै लागि **कामातुर** होइन, **मेचातुर** बनेका थिए (पृ.-५०) ।
- **ब्रम्ह्मचारिणी** भन्न नमिलेको मात्र हो (पृ.-४९) ।
- स्वास्नीको त्यही गुलाफ अनुहारको छेउमा **लडायमान** हुन्थ्यो (पृ.-४९) ।
- आफ्नो परम्परा र संस्कृतिका **रक्षिका** पनि थिए (पृ.-५०) ।
- **कुण्डलिनी** जाग्रत भएझैँ हुन थालेको थियो (पृ.-५०) ।
- अन्य कारणले **दिगमिगिने** गरी पहेँला थिए (पृ.-५५) ।

उपर्युक्त गाढा गरिएका शब्दहरू यस उपन्यासमा प्रयोग भएका केही कोशीय विचलनका उदाहरण मात्र हुन् । पहिलो वाक्यमा रहेको **गुण्डावतार** भन्ने शब्द शब्दकोशमा भेटिँदैन र यसको सहज प्रयोग भएको पनि पाइँदैन तर उपन्यासमा यसको प्रयोग मौलिक त छँदै छ सार्थ अर्थमा समेत प्रभाव थपेको छ । त्यस्तै दोस्रो वाक्यको **कामातुर** तथा **मेचातुर** भन्ने शब्द पनि सार्थक प्रयोगमा छन् तर यी दुवै मानक र कोशीय शब्द होइनन् । तेस्रो वाक्यको **ब्रम्ह्मचारिणी** चौथो वाक्यमा प्रयुक्त **लडायमान** पनि मानक नमानिएका र कोशमा प्रविष्ट नभएका शब्द हुन् । यी शब्द कोशमा छैनन् तर उपन्यासमा उपन्यासकार अत्यन्त सार्थक उपयोग गरेका छन् । यस्ता शब्दको प्रयोगले अर्थमा प्रभाव त पारेकै छ साथै यिनले लेखकीय मौलिकता पनि उजागर गरेका छन् । यसैगरी उपन्यासमा प्रयुक्त अन्य केही शब्दहरू **रक्षिका**, **कुण्डलिनी**, **दिगमिगिने** आदि अकोशीय र अमानक शब्द हुन् । माथिका पाँचौँ, छैटौँ तथा सातौँ वाक्यमा रहेका उक्त शब्द कोशीय विचलनयुक्त भए पनि उपन्यासको विचार अझ प्रभावकारी ढङ्गले व्यक्त गरेका छन् ।

यसरी *सातौँ ऋतु* उपन्यासमा यस्ता अकोशीय तर प्रभावशाली शब्दको अत्यधिक प्रयोग पाइन्छ । सबै स्रष्टाले आनुपातिक हिसाबले अकोशीय शब्दको उपयोग गर्छन् भन्न सकिँदैन । स्रष्टाको प्रस्तुति, शब्द कौशल क्षमता, शैली तथा पुनर्निर्माण क्षमतामा भर पर्छ । कृतिलाई प्रभावकारी तुल्याउन सातौँ ऋतु उपन्यासका स्रष्टा ध्रुवचन्द्र गौतम सफल देखिन्छन् । यसबाट विश्लेष्य उपन्यासमा कोशीय विचलनका माध्यमबाट प्रस्तुति र शैलीमा थप कला र प्रभाव सिर्जना भएको पुष्टि हुन्छ ।

व्याकरणिक विचलन

व्याकरणात्मक कोटि तथा पदक्रममा हुने विचलनलाई व्याकरणिक विचलन भनिन्छ । अर्को शब्दमा स्थापित व्याकरणिक संरचनाले निर्धारण गरेका पदसङ्गतिका नियमहरूको उल्लङ्घन भएमा व्याकरणिक विचलन मानिन्छ । स्रष्टाले साहित्यमा प्रचलित नियम र व्याकरणिक व्यवस्थामा नबाँधिई स्वतन्त्र किसिमले वाक्यको सिर्जना गरी भाषिक नियम उल्लङ्घन गर्दा व्याकरणिक विचलन सिर्जना हुन्छ । तसर्थ भाषाको विधानलाई अतिक्रमण गरी सोद्देश्यमूलक ढङ्गबाट शब्द तथा वाक्यको प्रयोग गर्नु व्याकरणिक विचलन हो । *सातौँ ऋतु* उपन्यासमा उपन्यासकारले प्रयोग गरेका व्याकरणिक विचलनका केही उदाहरण यसप्रकार छन् । जस्तै :

- परिवार त त्यो निकै सम्भ्रान्त र प्रभावकारी मानिन्थ्यो, नगर मात्र होइन, जिल्लैभरि (पृ.-०३) ।
- मेरो अपव्ययिता नै हो ठोकुवा रूपमा (पृ.-०५) ।
- पहिले मनुष्यले खाली, पछि सामानले खाली (पृ.-२६) ।
- यही थियो अप्राकृतिक त्यस बस्तीमा (पृ.-२८) ।
- फलफुलको रस एक गिलास अनि कुनै प्रकारको स्वादिष्ट खाद्य पदार्थ (पृ.-४३) ।
- बाबुलाई एन्जाइना भएपछि ऊ झन् सहानुभूतिशील भयो आफ्नो पिताप्रति (पृ.-१०६) ।
- आज जग्गा बाङ्गो देखियो भनेर, एक हात पर्खाल सोझ्याउँदा यत्राको रडाको (पृ.-१२४) ।
- किन सातौँ ऋतु (पृ.-१५७) ?
- बसालिदिएँ (पृ.-१५८) ।

माथिका वाक्यहरूमध्ये कुनै वाक्य कर्ताविहीन छन् त कुनै वाक्य क्रियाविहीन छन् । कुनै वाक्यमा पदक्रम मिलेको छैन भने कुनै वाक्यमा पदसङ्गति मिलेका छैनन् । यस्ता वाक्यहरू उपन्यासमा प्रशस्तै छन् । नियमसम्मत हिसाबले यस्ता वाक्यहरूको सार्थक भूमिका नहुनुपर्ने हो तर यस उपन्यासमा यस्ता वाक्यहरूले अझ विशिष्ट एवम् प्रभावकारी भूमिका निर्वाह गरेका छन् । त्यसैले यहाँ प्रयोग भएका व्याकरणिक विचलनले कृतिलाई सुन्दर र प्रभावकारी बनाएका छन् ।

ध्वनिप्रक्रियात्मक विचलन

खास एकाइको ध्वनि वा वर्ण प्रयोगमा हुने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन भनिन्छ । ध्वनिप्रक्रियात्मक विचलन व्यक्ति भाषा तथा स्थानीयतालाई प्राधान्य दिएको खण्डमा बढी सिर्जना हुन्छ । अझ अनौपचारिक सन्दर्भ तथा विषयलाई स्रष्टाले पात्रानुकूल भाषाका माध्यमबाट स्वाभाविक किसिमले प्रस्तुत गर्दा ध्वनिप्रक्रियात्मक विचलनको सिर्जना हुन्छ । यस्तो प्रयोगले साहित्यिक कृतिलाई जीवन्त तुल्याउँछ भने अभिव्यक्ति पनि मौलिक हुन्छ तथापि यस्तो प्रयोगको आधिक्य भएका कृतिको पठनीयता तथा बोधगम्यतामा समस्या पनि सिर्जना हुन पुग्छ किनकि एक ठाउँ वा भौगोलिक क्षेत्रमा

प्रयोगमा रहेको भाषिक पक्ष अन्य स्थानका लागि असम्प्रेषणीय पनि बन्न पुग्छ। खासमा यो उच्चारणका क्रममा देखिने विचलन हो । ध्वनिप्रक्रियात्मक विचलनको प्रयोग भएका *सातौँ ऋतु* उपन्यासका केही उदाहरणहरू यसप्रकार छन् :

- कसको के **खाइदिया** छ र घोर निराशावादी हुने (पृ.-०१) ?
- जग्गाको **माम्लो** नभएको भए, स्वाभिमानी भएर बूढा हिँडिसक्दा हुन् (पृ.-०९) ।
- मालिकले **अराइसिएकाले** हजुरको दर्शन गर्न आएको (पृ.-१०) ।
- बलिष्ठ व्यक्ति साधारण मनुष्यलाई पाखा **लाउँदै** निर्विघ्न हिँड्छ (पृ.-१३) ।
- गन्धसुगन्धले भए त **एउटादोटा** कारण देखा पर्दथ्यो (पृ.-१४) ।
- कहिलेकाहीँ **तीनटी** बुहारी पनि यस कर्ममा विनम्र किसिमले सघाउँथे (पृ.४३) ।
- अनि त महँगो **परिगो** नि (पृ.९१) ।
- खान पाउने, **लाउन** पाउने, रोजगार पाउने कुरा तथ्याङ्क हो, तथ्य होइन (पृ.-९४) ।

माथिको पहिलो उदाहरणमा प्रयुक्त **खाइदिएको** हुनुपर्नेमा **खाइदिया** शब्द प्रयोग भएको छ । यसै गरी दास्रो उदाहरणमा **मामिला** हुनुपर्नेमा **माम्ला** बनाइएको छ । तेस्रो उदाहरणमा **अराइबक्सिएकाले** हुनुपर्नेमा **अराइसिएकाले** चयन गरेर ध्वनि विचलन गराइएको छ। चौथो उदाहरणमा **लगाउँदै** हुनुपर्नेमा **लाउँदै** भनेर स्थानीय बोलीचालीको भाषा ल्याएर ध्वनि विचलन भएको छ। पाचौँ उदाहरणमा **एउटा दुईओटा** हुनुपर्नेमा **एउटादोटा** शब्दको प्रयोग र छैटौँ उदाहरणको **तीनओटी** हुनुपर्नेमा **तीनटी** शब्दको प्रयोग गरी ध्वनिप्रक्रियात्मक विचलनलाई देखाइएको छ। त्यस्तै सातौँ उदाहरणमा **परिगयो** हुनुपर्नेमा **परिगो** तथा आठौँ उदाहरणमा **लगाउन** हुनुपर्नेमा **लाउन** शब्द प्रयोग गरिएको छ ।

यसरी ध्वनि प्रक्रियात्मक विचलनले उच्चारणलाई सहज बनाएर उपन्यासमा एकातर्फ श्रुतिमधुरता थपेको छ भने अर्कातर्फ अझ प्रभावकारी र स्वाभाविकसमेत बनाएको छ। उपन्यासमा यस्तो प्रयोग मूलतः पात्रानुकूलको भाषा प्रयोगका सन्दर्भमा उपयोग भएको देखिन्छ। कृतिमा पात्रहरूको संवादका क्रममा प्रायः अनौपचारिक भाषाशैली प्रयोग भएको छ। तसर्थ यस्ता प्रयोगले अभिव्यक्तिलाई सार्थक र प्रभावकारी तुल्याएका छन् भने पठनमा स्वाभाविकता पनि सिर्जना भएको देखिन्छ ।

लेख्यप्रक्रियात्मक विचलन

भाषाको निश्चित शब्दगत व्यवस्था, प्रयोग, आकारमा भिन्नता वा विविधता ल्याउनु र रिक्तता कायम गर्नु लेख्य प्रक्रियात्ममक विचलन हो। स्रष्टाले अभिव्यक्तिका क्रममा लेखनप्रक्रियाको निश्चित व्यवस्थालाई अतिक्रमण गरेर शब्द लेखाइका सन्दर्भमा नयाँपन प्रस्तुत गर्छ भने त्यसलाई लेख्यप्रक्रियात्मक विचलन भनिन्छ । अर्को शब्दमा कुनै पनि भाषामा त्यसको मानक एवम् व्याकरणिक संरचनाका विपरीत अनियमित तरिकाले लेखिने संरचना नै लेख्यप्रक्रियात्मक विचलन हो । विश्लेष्य उपन्यासमा शब्दमा आवश्यक वर्णको शून्यता वा रिक्तता सिर्जना गरी व्याकरणिक विचलन देखाइएको छ। जस्तै :

- **यत्राका** लागि गर्ने अपहरण ? **ठँो** अब बढ्ता कुरा गरिस् भने तँलाई सिद्धचाएर सातैओटीलाई लैजान्छौँ र सुन्निने गरी **िक्छौँ** (पृ.-२२) ।

माथिको उदाहरणमा व्यक्त गर्न चाहेको विचार प्रभावकारी तरिकाबाट व्यक्त गरिएको छ । विशेष ठाउँमा अक्षर नै लोप गराइएको छ । मर्यादा पनि रहने र प्रस्तुति पनि प्रभावशाली बन्ने हुँदा यस्तो विचलनयुक्त प्रयोग गरिएको देखिन्छ । यस्ता विचलनले सम्बन्धित वाक्यलाई बढी जोड दिएर अभिव्यक्तिलाई रोचक बनाउने गर्दछन् ।

आर्थी विचलन

आर्थी विचलनलाई अर्थतात्त्विक विचलन पनि भन्ने गरिन्छ । साहित्यकारले आफ्नो कृतिमा प्रयोग गरेको शब्द तथा वाक्यको अर्थमा हुने विचलनलाई अर्थतात्त्विक विचलन भनिन्छ । आर्थी विचलन खासगरी वाक्यको अभिधार्थबाट टाढा पुग्छ । आलङ्कारिक प्रयोग एवम् व्यञ्जनाको सिर्जनामा आर्थी विचलनको उल्लेख्य उपयोग गरिन्छ । *सातौँ ऋतु* उपन्यासमा आर्थी विचलनलाई सार्थक एवम् प्रभावकारी किसिमले उपयोग गरिएको पाइन्छ । केही उदाहरण तल प्रस्तुत गरिएको छ :

- समाधान नपाउन्जेल चिन्ता कसरी घट्छ त (पृ.-४०) ?
- मध्यान्ह पार्टी खोल्ने मोहनको एक जना निकटकी कार्यकर्ता मेरो हातमा छे (पृ.-४१) ।
- देवीदेउताले समेत त्यस्तो फूल चढाउँदा नाटकीय शैलीमा क्रोध जनाउँदै खुट्टा झट्कारिदिएका थिए रे (पृ.-१४) ।
- छोरालाई असल बुहारीले बनाउने हो (पृ.-२४) ।
- मान्छेलाई मान्छेबाट खोसिदिएको थियो, यो सातौँ ऋतुले (पृ.-१५९) ।
- बाहिर एउटा स्कुटर उभिएको थियो (पृ.-९१) ।
- त्यसपछि यो विचारलाई उसले झड्कारेर मिल्काइदियो (पृ.-९२) ।
- केटीसित कल्पनामै भए पनि नानाभाँति खेलबाड गरेपछि धेरैबेरमा बल्ल निदाउन सकेको थियो (पृ.-९२) ।
- बस्तीले उसलाई सबभन्दा काउकुती लगाउने हास्य सुनाएको होस् (पृ.-९५) ।
- अझै आफूलाई खोज्दै छ (पृ.-१०८) ।

माथिका वाक्यहरू *सातौँ ऋतु* उपन्यासमा प्रयुक्त अर्थतात्त्विक विचलनका केही उदाहरणहरू हुन् । पहिलो उदाहरणमा **चिन्ता घट्ने** भनिएको छ । चिन्ता भाववाचक नाम भएकाले यसको परिमाण मापन गर्न सकिँदैन । त्यसैले यो घट्ने वा बढ्ने कुरा मापनीय छैन तर यसमा अर्थबोध भएको छ । तसर्थ यो आर्थी विचलनको उदाहरण हो । दोस्रो अभिव्यक्तिमा **कार्यकर्ता हातमा छे** भनिएको छ । यस वाक्यमा कुनै व्यक्तिलाई कसैले आफ्नो हात वा मुठ्ठीमा राख्न सम्भव छैन वा हातमा अट्ने कुनै

मानिस हुँदैन । त्यसैले यहाँ पनि आर्थी विचलन भएको छ । भने तेस्रो अभिव्यक्तिको **देवीदेउताले खुट्टा झट्कार्ने** कुरा अभिधार्थमा असम्भव छ । त्यसैगरी **बुहारीबाट छोरा बनाउने** कुरा, **ऋतुले मान्छे खोस्ने** कुरा, **स्कुटर उभिने** आदि कुराहरू अभिधार्थमा असम्भव भए पनि लाक्षणिक अर्थमा सान्दर्भिक एवम् प्रभावकारी तरिकाबाट उपयोग गरिएकाले यस उपन्यासमा आर्थी विचलनयुक्त वाक्यहरूको समीचीन प्रयोग भएको पाइन्छ ।

निष्कर्ष

साहित्यिक कृतिमा भाषाका विभिन्न एकाइहरूको विशिष्ट प्रयोग गरिनु नै अग्रभूमिनिर्माण हो । यो संरचनावादी भाषाशास्त्र तथा शैलीवैज्ञानिक समालोचनाको प्रमुख पक्ष मानिन्छ । कृतिमा रहेका भाषिक सौन्दर्यको खोजी गरिने र कृतिको प्रभावपरकताको पनि विश्लेषण गर्न सकिने भएकाले यसलाई समालोचनामा उपयोग गरिन्छ । मूलतः समानान्तरता र विचलनलाई प्रमुख युक्ति बनाई कृतिमा अग्रभूमिनिर्माण गरिन्छ । कृतिमा रहेका भाषिक उपकरण वर्णदेखि वाक्यका तहसम्मका एकाइहरूको आवश्यकताअनुसार आवृत्ति हुनु बाह्य समानान्तरता हो भने अर्थको तहमा तुलनाबोध हुने गरी आवृत्ति हुनु आन्तरिक समानान्तरता हो । समानान्तरताले छन्द तथा अलङ्कारको प्रयोगसहित बिम्ब र प्रतीकलाई पनि जनाउँछ । अग्रभूमिनिर्माणको अर्को सार्थक उपकरण भाषिक विचलन हो । भाषिक विचलन हुने क्षेत्रहरू कोशीय, आर्थी, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख्यप्रक्रियात्मक विचलन आदि हुन् ।

सातौँ ऋतु उपन्यासमा वर्ण, शब्द, पदावली तथा वाक्यहरूको पटपटक प्रयोग गरी बाह्य समानान्तरता सिर्जना भएका छन् । उपन्यासमा भाषिक एकाइका आवृत्तिले कृतिमा झन् नवीनता सिर्जना गरेको छ । त्यस्तै अर्थका तहमा हुने तुलना वा आन्तरिक समानान्तरताका प्रयोगले उपन्यास प्रभावकारी तथा विशिष्ट बनेको छ । आन्तरिक तथा बाह्य समानान्तरताका विशिष्ट प्रयोगले कृतिलाई प्रभावमय बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । त्यसैगरी उपन्यासमा पदक्रम नमिलेका, कर्ताविहीन, क्रियाविहीन एवम् कर्मविहीन आदि व्याकरणिक दृष्टिले विचलित वाक्यहरूको प्रयोग प्रशस्त मात्रामा भएको भए तापनि तिनले बोध र अभिव्यक्तिमा बाधा नपुऱ्याई विचार र भाव प्रस्तुति स्वाभाविक बनाएका छन् । उपन्यासमा प्रयुक्त शब्दहरूमा ध्वनिप्रक्रियात्मक विचलन प्रशस्त पाइन्छन् । ती शब्दहरूको मानक स्वरूप अर्कै छ तापनि प्रस्तुत मौलिक बनेको छ । त्यसैगरी आर्थी विचलनले कृतिलाई विशिष्ट, अर्थपूर्ण एवम् आलङ्कारिक बनाएको छ । यसरी उपन्यासकार ध्रुवचन्द्र गौतममा भाषिक चातुर्य देखिन्छ । भाषिक समानान्तरता एवम् विचलनजस्ता शैलीविज्ञानका महत्त्वपूर्ण क्षेत्रको उपयोग गर्दै कृतिमा अग्रभूमिनिर्माण गर्न उपन्यासकार सफल देखिन्छ । यसकारण उपन्यासमा अग्रभूमिनिर्माणको यथोचित प्रयोग गरी अभिव्यक्तिलाई सशक्त र प्रभावकारी बनाउन उपन्यासकार *सातौँ ऋतु* उपन्यासमा सफल भएका छन् ।

सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (तेस्रो संस्करण), रत्न पुस्तक भण्डार ।

खनाल, राजेन्द्र (२०६८), *शैलीवैज्ञानिक पठनमा दुई उपन्यास*, तन्नेरी प्रकाशन ।

खनाल, राजेन्द्र (२०७८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र* (दोस्रो संस्करण), सनलाइट पब्लिकेसन ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्करण), साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०६८), *सातौँ ऋतु*, साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव (२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (पाँचौँ संस्करण), साझा प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू*, विद्यार्थी पुस्तक भण्डार ।

बराल, ईश्वर (२०५६), *छरिएका समीक्षा* (सम्पा. शरदचन्द्र शर्मा भट्टराई), साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००५), *आख्यानका कुरा* (दोस्रो संस्करण), एकता बुक्स हाउस ।

नेपाल, घनश्याम (सन् २००९), *शैलीविज्ञान* (दोस्रो संस्करण), एकता बुक्स हाउस ।

लिच, जियोफ्री एन्ड सर्ट मिचेल (सन् १९९५), *स्टाइल इन फिक्सन*, लङ्म्यान ।

वेल्स, कटी (सन् २००१), *अ डिक्सनरी अफ स्टाइलिस्टिक्स*, पियर्सन एजुकेसन लिमिटेड ।

शर्मा, मोहनराज (सन् २०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*, नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (सन् २०५९), *शैलीविज्ञान* (दोस्रो संस्करण), नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७८), *गद्यशैलीको रूपविज्ञान*, शिखा बुक्स ।